**DRISHTIKON**, 15(1), RMC, MMC, DHARAN, ISSN: 2382-5456, 2025.

# चीरहरण उपन्यासमा मायिक यथार्थता

**यज्ञप्रसाद गुरागाई, विद्यावारिधि**

उपप्राध्यापक
नेपाली विभाग
धनकुटा बहुमुखी क्याम्पस, धनकुटा, त्रि. वि., नेपाल
Email: guragain.yagya@gmail.com
https://doi.org/10.3126/dristikon.v15i1.77148

**लेखसार**

प्रस्तुत लेखमा नीलम कार्की निहारिकाकृत *चीरहरण* उपन्यासलाई मायिक यथार्थताका आधारमा अध्ययन गरिएको छ । यस उपन्यासमा मायिक यथार्थताको प्रयोगको अवस्था के कस्तो छ भन्ने मूल समस्यामा केन्द्रित भई गरिएको यस अध्ययनमा उक्त कृतिमा प्रयुक्त मायिक यथार्थताका प्रयोगहरू पत्ता लगाउने उद्देश्य लिइएको छ । गुणात्मक ढाँचामा आधारित यस लेखमा प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्रीको प्रयोग गरिएको छ । उपन्यासका सान्दर्भिक प्रयोगहरूलाई प्राथमिक स्रोतका सामग्री र मायिक यथार्थता उल्लेख भएका पुस्तक तथा अनुसन्धानात्मक पुस्तकहरूलाई द्वितीय स्रोतका सामग्रीका रूपमा यहाँ प्रयोग गरिएको छ । उपन्यासमा प्रयुक्त विभिन्न पात्रहरूमा र अवस्था विशेषमा आधारित भई निर्माण गरिएका सूचकहरूको उपयोग यहाँ गरिएको छ । पराशर, मत्स्यगन्धा, भीष्म, दुर्वासा, सूर्य, कुन्ती, किन्दम, पाण्डु, गान्धारी, भीम, अर्जुन, कृष्ण, द्रौपदी जस्ता पात्रका व्यवहारमा र पाण्डवलाई सूर्यले दिएको सूर्यपात्रको प्रयोगमा मायिकताको प्रयोग पाइएकाले यो उपन्यास मायिक यथार्थताको प्रयोग भएको रचना हो भन्ने निष्कर्ष यहाँ निकालिएको छ ।

*शब्दकुञ्जी :* अतिशय, अलौकिक, दिवास्वप्न, निष्पाद मन्त्रबल

## विषयपरिचय

*चीरहरण* नीलम कार्की निहारिकाद्वारा लेखिएको उपन्यास हो । यस कृतिमा *महाभारत*कालीन घटनाहरूलाई नवविचारका साथ प्रस्तुत गरिएको छ । *महाभारत* पौराणिक विषयवस्तुले युक्त रचना हो । यसर्थ पौराणिक विषयवस्तुलाई नै यस उपन्यासले समेटेको छ । पौराणिक ग्रन्थको गहिरो अध्ययन गरी रचना गरिएको यस उपन्यासमा मायिक यथार्थवादी दृष्टिकोणको समेत प्रयोग गरिएको पाइन्छ ।

मायिक यथार्थवादका लागि पाश्चात्य जगतमा म्याजिक रियालिज्म, म्याजिकल रियालिज्म तथा मार्भेलस रियालिज्म भनिएको पाइन्छ । कुनै आश्चर्यजनक घटनाको वर्णन भएमा वा आश्चर्यजनक वातावरण उत्पन्न भई देखिएको असाधारण अवस्थालाई मायिक यथार्थता भनिन्छ । मायिक यथार्थसँग सम्बद्ध सिद्धान्तलाई चाहिँ मायिक यथार्थवाद भनिन्छ । शर्माका अनुसार सामान्य घटना वा विवरणमा चमत्कारको समावेशलाई मायिक यथार्थ भनिन्छ (२०६६, पृ. ३६०) । यस भनाइबाट असाधारण क्षमता प्रकट भएको विशेष खालको घटना तथा अवस्था नै मायिक यथार्थ हो भन्ने बुझिन्छ । उपाध्यायले यसलाई आध्यत्मिकजस्तो, अन्धविश्वासजस्तो भ्रान्ति वा अयथार्थलाई सत्य ठान्नुपर्नेजस्तो परिस्थिति भनेका छन् (https://Shilapatra.com) । यिनले मायिक यथार्थतालाई विश्वास गर्न कठिनाइ हुने खालको परिस्थितिका रूपमा चिनाएका छन् । न्यौपानेले मायिक यथार्थवादलाई उपन्यास लेखनको नवीनतम प्रविधि मानेका छन् (https://ekantipur.com.) । यिनले मायिक यथार्थतालाई साहित्य

लेखनको शैलीपक्षका आधारमा यसको अवधारणा प्रस्तुत गरेका छन् । मायिक यथार्थता भनेको लेखनको शैली हो जसमा कथाको प्राकृतिक तत्त्वका रूपमा स्वैरकाल्पनिक तत्त्वसमेत देखापर्छ -https://study.com_ । यस भनाइबाट स्वैरकाल्पनिक तत्त्व प्राकृतिक तत्त्वका रूपमा देखिने गरी प्रस्तुत गरिएको लेखनको शैली विशेष नै मायिक यथार्थ हो भन्ने बुझिन्छ । यो यथार्थवादकै एक प्रकार हो । यसमा स्वैरकल्पनाको प्रयोग प्रशस्त मात्रामा हुन सक्छ । तथापि यो स्वैरकल्पनाभन्दा भिन्न कुरा हो । स्वैरकल्पना भनेको अडकलबाजी वा अनुमान हो । मायिक यथार्थवादमा भने अडकल वा अनुमान नभई यसै संसारमा रहेकाहरूको र वस्तुपरकताभन्दा भिन्नै प्रकारको यथार्थताको अनुभूति गर्नेहरूको कथा भनिएको हुन्छ (शर्मा, २०७८, पृ. १८२) । मायिक यथार्थवादलाई अद्भुत यथार्थवाद पनि भनिएको पाइन्छ । यो आख्यान र कलाको एक शैली वा विधा हो जसले मायिक तत्त्वहरूलाई संसारको यथार्थवादी दृश्यमै प्रस्तुत गर्दछ र प्रायः अनुमान र वास्तविकताबिचको अन्तरलाई कम गर्दछ ( https://en.wikipedia.org_ । यसर्थ मायिक यथार्थतामा अवास्तविक कुराहरूलाई वास्तविकताको अनुभूति गराउने गरी व्यक्त गरिएको हुन्छ ।

मायिक यथार्थताको प्रयोग चित्रकलाबाट सरेर साहित्यमा आएको हो (शर्मा, २०७८, पृ. १८२) । यसमा वास्तविकताभन्दा सोचाइ अभिव्यक्त भएको हुन्छ । अर्थात् मायिक यथार्थ वास्तविकतामा आधारित नभई लेखको सोचाइमा भर पर्दछ । यसर्थ यो विज्ञानसम्मत हुँदैन तथापि यथार्थताको जस्तो मानिन पुग्छ । माया वा भ्रान्ति पनि पाइने र यथार्थताको महसुस पनि हुने रचना गरिएका साहित्यिक कृतिमा मायिक यथार्थताको प्रयोग भएको हुन्छ । अर्थात् मायिकता र यथार्थता दुवैको सम्मिश्रण यस प्रकारको रचनाको मुख्य विशेषता हो । यसले आख्यानलाई गति प्रदान गर्नुका साथै रोमाञ्चकताको सिर्जना गर्दछ । यसले कौतूहलता प्रदान गर्दै पाठकमा अलौकित अनुभूतितर्फ डोऱ्याउँछ पनि । मायिक यथार्थवादको प्रारम्भ बिसौँ शताब्दीको सुरुतिर भएको पाइन्छ । भट्टराईका अनुसार मायिकताको अवधारणा सन् १९२० मा जर्मनीमा जन्मेको हो, त्यसको बीस वर्षपछि मध्यअमेरिकामा पसेको हो, त्यसको पनि बीस वर्षपछि ल्याटिन अमेरिकामा पसेको हो भने त्यसपछि युरोपमा पुगेर विश्वव्यापी रूपमा फैलिन पुगेको हो (२०७१, पृ. २९१) । कोलम्बियाली साहित्यकार गाब्रियल गासिया मार्केजले मायिक यथार्थवादको विकासमा महत्त्वपूर्ण योगदान दिएका छन् । यस क्षेत्रमा जे. अमाडो, जे. एल. बोर्गिज, जे. कोर्टाजोर, इ. एलेन्डे आदिको योगदान पनि उल्लेखनीय छ । यो पछिल्लो शताब्दीको एक विशिष्ट साहित्यिक गतिविधि हो । यसलाई साहित्य रचनामा देखापरेको उत्तरआधुनिक विशेषता पनि भन्न सकिन्छ । यही मायिक यथार्थताका आधारमा *चीरहरण* उपन्यासको विश्लेषण यस लेखमा गरिएको छ ।

*चीरहरण* उपन्यासलाई मायिक यथार्थताका आधारमा हालसम्म अध्ययन विश्लेषण गरेको नपाइएकाले यस लेखको औचित्य प्रमाणित भएको छ । यसले अनुसन्धानगत रिक्ततालाई एक हदसम्म पूरा पनि गरेको छ । उक्त कृतिमा मायिक यथार्थताको प्रयोगको अवस्थाको मात्र अध्ययन गरिएको हुनाले प्रस्तुत लेख निश्चित सीमामा आबद्ध पनि छ ।

## शोध सामग्री तथा विधि

प्रस्तुत अध्ययनमा गुणात्मक ढाँचाको प्रयोग गरिएको छ । प्राथमिक र द्वितीय दुवै स्रोतका सामग्रीहरूको उपयोग यहाँ भएको छ । *चीरहरण* उपन्यासमा प्रयुक्त मायिक यथार्थतासम्बद्ध प्रयोगहरूलाई यहाँ प्राथमिक स्रोतका सामग्री मानिएको छ भने मायिक यथार्थतासम्बन्धी सिद्धान्तको चर्चा गरिएका पुस्तक र मायिक यथार्थतामा आधारित भई लेखिएका लेखहरूलाई द्वितीयक स्रोतका सामग्री मानिएको छ । यी सामग्रीहरूलाई पुस्तकालय तथा इ-पुस्तकालयबाट सङ्कलन गरिएको छ । उपन्यासमा प्रयुक्त मायिक यथार्थताको अवस्था पत्ता

लगाउन यहाँ सूचकहरूको निर्माण गरिएको छ । तथ्यहरूलाई व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको हुँदा यहाँ व्याख्यात्मक विधिबाट विषयको प्रस्तुतीकरण गरिएको छ ।

## परिणाम र छलफल

*चीरहरण* उपन्यासमा व्यक्त भएको मायिक यथार्थवादको अध्ययनका लागि यहाँ प्रयुक्त पात्रहरूका व्यवहारमा देखिएको मायिकतालाई आधार बनाइएको छ । यसका लागि पराशर र मत्स्यगन्धाका व्यवहारमा मायिक यथार्थ, भीष्मका व्यवहारमा मायिक यथार्थ, दुर्वासा ऋषिको व्यवहारमा मायिक यथार्थ, सूर्य र कुन्तीको व्यवहारमा मायिक यथार्थ, गान्धारीको व्यवहारमा मायिक यथार्थ, किन्दम ऋषि र पाण्डुका व्यवहारमा मायिक यथार्थ, कृष्ण र द्रौपदीका व्यवहारमा मायिक यथार्थ, भीम र अर्जुनका व्यवहारमा मायिक यथार्थ र सूर्यपात्रको प्रयोगमा मायिक यथार्थ सूचकहरूको निर्माण गरी उक्त उपन्यासमा प्रयुक्त मायिक यथार्थवादका प्रयोगहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### पराशर र मत्स्यगन्धाका व्यवहारमा मायिक यथार्थ

*चीरहरण* उपन्यासका पात्र पराशर मत्स्यगन्धालाई देखेपछि मोहित बनेका छन् । उनी मत्स्यगन्धासँग समागमका लागि इच्छुक छन् । मत्स्यगन्धा भने शरीरबाट निस्कने माछाको जस्तो दुर्गन्धबाट आजित भएकी छिन् र एकाएक भेटिएका अपरिचित तपस्वीसँग त्यस्तो कार्य गर्न सहज पनि मान्दिनन् । त्यसैले उनले ऋषिलाई आफ्नो अवस्थाको जानकारी गराउँछिन् । मत्स्यगन्धाको अवस्था बुझेपछि उनलाई सम्झाउँदै ऋषि यसो भन्छन्, “मलाई सह्माल युवती । तिमीमा म लीन हुन चाहन्छु । एकपटक मेरो आज्ञा पालन गरिदेऊ । अनि म बदलामा तिमीलाई नयाँ जुनी प्रदान गर्नेछु । यो दुर्गन्धबाट मुक्त गराई तिमीलाई सुगन्धित तुल्याइदिनेछु । सुगन्ध नै सुगन्धको जीवन हुनेछ तिम्रो युवती (पृ. ४०) ।”

ऋषिको यस भनाइअनुसार समागमपछि उनको शक्तिका कारण मत्स्यगन्धाको शरीरबाट निस्कने दुर्गन्ध समाप्त हुने कुरा बुझिन्छ । तर सामान्य अवस्थामा जस्तोसुकै शक्ति भएका पुरुषसँग समागम गरेपनि शरीरबाट निस्कने दुर्गन्ध समागममा सहभागी भएकै कारण समाप्त हुँदैन । अझ मत्स्यगन्धाको दुर्गन्धित शरीर ऋषिको इच्छानुसार उनले सहयोग गरेकै कारण सुगन्धित हुने कुरा पनि आश्चर्य लाग्दो नै छ । यसर्थ यहाँ प्रस्तुत कथनहरू लौकिक जीवनमा भोगिएको अवस्थासँग मेल खाने खालका छैनन् ।

ऋषिले मत्स्यगन्धासँग समागमको इच्छा जाहेर गरेको समय राती नभएर दिउसो हो । मत्स्यगन्धा भने दिउसोको समयमा अचानक भेटिएका तपस्वी ऋषिसँग त्यस्तो कार्यमा सहभागी हुन सङ्कोच मान्दछिन् र कसैले देखेमा आफूमा हुने सम्भावित परिणामप्रति ऋषिलाई जानकारी गराउँछिन् । ऋषि भने मत्स्यगन्धाको विचारबाट आफ्नो इच्छा मार्ने पक्षमा छैनन् । त्यसैले उनले मत्स्यगन्धालाई आश्वस्त पार्दै सङ्कोच नमान्न आग्रह गरेका छन् । बरु समागमका लागि वातावरणलाई अनुकूल बनाउने कार्यसमेत गर्दछन् । यस कुरालाई उपन्यासमा यसरी व्यक्त गरिएको छ, “तिम्रो सङ्कोच स्वाभाविक छ । अब हामीलाई कसैका आँखाले नियाल्न सक्नेछैन ।’ यति भन्दै तत्काल महर्षिको ओठ मन्त्रका लागि चलमलायो । हेर्दा हेर्दै निकै बाक्लो कुहिरीमण्डल भयो । ...निष्पाद अन्धकारमा हामी दुईका नेत्रमात्र टल्किरहेका हुन्छन् । अपराह्न नै मध्यरात प्रतीत हुन्छ (पृ. ४१) ।”

यहाँ मत्स्यगन्धासँग समागमका लागि तयार भएका पराशर ऋषिको धारणा र मत्स्यगन्धाले त्यसबेला अनुभव गरेको वातावरणको वर्णन गरिएको छ । दिउसो समागमका लागि उपयुक्त वातावरण नभएकाले मत्स्यगन्धाले असहज महसुस गरेपछि ऋषिले उनलाई आश्वस्त तुल्याउँदै हामीलाई कसैले देख्न सक्ने छैनन् भनेका छन् । कसैले देख्न नसक्ने स्थान झाडी वा अन्तरकुन्तर नभएर ऋषिको मन्त्रका बलले बाक्लो कुहिरीमण्डल सृर्जना

गरेर दिनलाई रात पारेको त्यही ठाउँ हुन्छ । मन्त्रका कारण दिउसै निष्पाद अन्धाकार हुनु आश्चर्यको विषय हो । मन्त्र वाक्यात्मक अभिव्यक्ति हो । जस्तोसुकै वाक्य उच्चारण गरे पनि त्यसले प्रकृतिको नियम मिचेर अपराह्नलाई मध्यरातमा परिणत गर्न सक्तैन । दिउसोको समयमा रात पर्नु भनेको भ्रम मात्र हो । यस्तो असम्भव कुरालाई ऋषिको मन्त्रबलका आधारमा सम्भव भएको भन्ने आशयमा वर्णन गरिएकाले यहाँ मायिक यथार्थको प्रस्तुतीकरण भएको पाइएको छ ।

महर्षि पराशर के पनि भन्छन् भने मत्स्यगन्धा उनको इच्छा पूरा गरिदिन तयार नभएमा भविष्यमा पछुताउनुपर्ने अवस्था आउन सक्छ (पृ. ४१) । सामान्य अवस्थामा अविवाहित कन्या परपुरुषसँग समागममा सहभागी हुँदा मात्र पछुताउने अवस्था आइपर्न सक्छ । ऋषिसँग सहभागी हुन नचाहेमा पश्चातापमा पर्नुपर्ने कुनै कारण हुँदैन । यस्ता कार्यमा असंलग्न हुने नारीले न पितामाता वा नसनातालाई उत्तर दिनुपर्ने हुन्छ न समाजले उसको कुरा काट्ने वा आलोचना गर्ने अवसर पाउन सक्छ । त्यसैले उसले पछुताउनु पर्ने अवस्था सिर्जना हुँदैन तर यहाँ ऋषिको कथन स्वाभाविक लाग्ने खालको छैन । उनीसँग समागम नगरेमा मत्स्यगन्धाले भविष्यमा पछुतो मान्नुपर्ने कुरा निकै रहस्यमय बनेको छ । यस कथनलाई पनि मायिक यथार्थवादको अभिव्यक्तिको उदाहरण मान्न सकिन्छ ।

मत्स्यगन्धाभन्दा महर्षि उमेरमा निकै पाको उमेरमा देखिन्छन् । आफू जवान स्त्री भएकाले पाको उमेरका ऋषिसँग कसरी सहज मान्ने ? युवकसँग मात्र आफ्नो सहभागिता रहने मत्स्यगन्धाको अडानबमोजिम उनलाई सहज अवस्था महसुस गराउन ऋषि आफ्नो वयमा समेत परिवर्तन गर्न तयार हुन्छन् र युवक बन्न पुग्छन् । यस अवस्थालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ, "परन्तु तिम्रो चाहना जवान पुरुषको छ भने म तत्काल तिम्रो लागि जवान भइदिन्छु ।...ऋषि बिल्कुल युवक देखिनुभयो (पृ. ४२) ।"

यहाँ प्रस्तुत कथन र व्यवहार छक्क लाग्दो छ । कुनै वृद्ध व्यक्तिले युवतीसँग समागमको चाहना राख्दैमा ऊ कसरी युवक बन्न सक्छ र ? महर्षिमा कुन त्यस्तो शक्ति छ र वृद्ध वयलाई जवान अवस्थामा परिणत गर्न सक्छन् । प्राकृतिक दृष्टिले अनुपयुक्त वा अप्राकृतिक अवस्थालाई यहाँ ऋषिसँग त्यस्तो सामर्थ्य थियो भन्ने अभिप्रायमा स्वाभाविक तुल्याउने प्रयास गरिएको छ । भय र त्रासमा भएको समागम कहिल्यै फलदायी र सुखमय हुन सक्तैन भन्ने ऋषिको धारणा छ । त्यसैले मत्स्यगन्धा आउन सक्ने भय र त्रासको निवारणका लागि उनले निर्जन स्थानको सिर्जना गरेका छन् । उनको भनाइलाई उपन्यासमा यसरी व्यक्त गरिएको छ, "भय र त्रासमा भएको समागम कहिल्यै फलदायी र सुखमय हुन सक्तैन । त्यसर्थ कोही मनुष्य, कुनै प्राणी नभएको स्थानमा मैले यो द्वीप सृजना गरेँ । तिम्रै निम्ति सृजना गरेको हुँ मैले मध्य सागरमा यो द्वीप (पृ. ४६) ।" यहाँ महर्षिको मन्त्रोच्चारणलाई मध्यसागरमा द्वीप निर्माण गर्ने कारक मानिएको छ । कसैको इच्छा पूर्तिका लागि सागरका बिचमा एकाएक द्वीप निर्माण हुनु तथा निर्माणको आधार मन्त्र बन्नु मायिकताको प्रयोगका उदाहरणहरू हुन् ।

महर्षिले मत्स्यगन्धासँग समागम गरिसकेपछि भविष्यवाणी गर्न पुग्छन् । उनी भन्छन्, "हाम्रो पुत्र नै हुनेछ । विद्वान् हुनेछ । वेद उपनिषद्को समाख्याता हुनेछ (पृ. ५०) ।" महर्षि परासरको भनाइअनुसार त्यस समागमको परिणामस्वरूप तिनीहरूको सन्तान छोरी नभएर छोरो नै भएको छ । यसरी भविष्यमा जन्मने सन्तानको लिङ्ग समागमपछि लगत्तै निर्धारण गर्नु र त्यो सन्तान पनि असामान्य प्रतिभाले युक्त वेद र उपनिषद्को समाख्याता हुनेछ भनी तत्कालै बालकको क्षमताको वर्णन गर्नु आश्चर्यको विषय हो । गर्भवती मत्स्यगन्धालाई गर्भको पीडा नहुने गरी परासरले गरेको जादुमय कार्य पनि यस सन्दर्भमा उल्लेखनीय छ । उनले सृष्टिलाई चुनौती दिँदै मत्स्यगन्धाको गर्भको पीडा कम गरिदिने वचन दिएका छन् । यहाँ भनिएको छ, "महर्षिले यति भन्दै आफ्नो हातले मेरो नाभीनेर छोइदिनुभयो...... दुखाइ कम हुँदै गयो (पृ.५२) ।" यहाँ भनिए जस्तो कुनै नारीको गर्भको पीडा कम गर्न पुरुषका

हातले गर्भवती महिलाको नाभीनेर (गर्भाशयको बाहिरपट्टि) छुँदैमा उनको गर्भको पीडा कम हुँदैन । यो या मत्स्यगन्धामा उत्पन्न भ्रमजन्य मायिक यथार्थताको प्रयोग हो ।

महर्षि परासरसँग समागमकार्य सम्पन्न भएपछि मत्स्यगन्धा कुण्डमा स्नानका लागि प्रवेश गर्छिन् । कुण्डबाट बाहिर निस्कँदा उनको शारीरिक अवस्थामा परिवर्तन आउँछ । उनी भन्छिन्, “मैले कुण्डमा प्रवेश गरेँ । मेरा त्वचाहरू अझ भरभराउँदा थिए । नवशिशुको जस्तो कोमल । दूधजस्तो श्निग्ध । म त्यसलाई हेरेर आश्चर्यमा परेँ (पृ.५१) ।” सामान्य अवस्थामा कुनै महिला पुरुषसँग समागममा सहभागी भई कुण्डमा नुहाएर निस्कँदा उनको त्वचा नवशिशुको जस्तो कोमल र दुधजस्तो सेतो भएर भरभराउँदो हुन तथा अर्कै अवस्थामा परिवर्तन हुन असम्भव छ तर यहाँ त्यस्तो असम्भव विषयलाई पनि महर्षिको क्षमता मानेर त्यसलाई स्वाभविक तुल्याइएको छ । महर्षिको सामुमा भएको यस्तो व्यवहारलाई भने मत्स्यगन्धाले आश्चर्य मानेकी छिन् । मत्स्यगन्धा स्नानबाट फर्कँदा महर्षिसम्मुख कुसासनमा बसेर मत्स्यगन्धाको पुत्र ज्ञान आर्जनमा लागेको हुन्छ । गर्भधारण लगत्तै समयभन्दा धेरै अगाडि बालक पैदा हुनु र बालक जन्मने बित्तिकै कुसासनमा बसी महर्षि पितासँग ज्ञानार्जन गर्नु अनौठो विषय हो । महर्षिले मत्स्यगन्धालाई समागममा सहयोग गरेबापत खुसी भएर यसो पनि भनेका छन्, “अब अर्को एक वरदान पनि दिन्छु : तिमीले कहिल्यै वृद्ध हुनुपर्दैन, आजीवन यस्तै सुन्दरी र जवान रहनेछ्यौ (पृ. ५२) ।” महर्षिको वरदानमा भएको शक्तिका कारण कुनै महिला वृद्ध हुनु नपर्ने र आजीवन सुन्दरी र जवान भइरहन सक्ने कुरा आश्चर्ययुक्त छ । मत्स्यगन्धालाई वरदान दिएपछि महर्षि कमण्डलु बोकेका हातले छोरालाई समाएर अर्को हातले कमण्डलुको जलमा चोबेर चारै दिशामा सिञ्चन गर्छन् । त्यसपछि केही क्षणमा नै बाक्लो कुहिरो लागेर निष्पट्ट अन्धकार हुन्छ । महर्षिको कमण्डलुको जलमा दिनलाई अन्धकारमा परिणत गर्न सक्ने जुन सामथ्यको वर्णन गरिएको छ यो पनि अनौठो विषय हो । यस्ता अनौठा विषयहरूको प्रस्तुतीकरण गरी यहाँ मायिकताको प्रयोग गरिएको छ ।

घरमा फर्केर आएपछि मत्स्यगन्धाले आमालाई महर्षिसँग भएको व्यवहारको जानकारी दिन्छिन् । आमाको क्रोधलाई शान्त पार्न उनी भन्छिन्, “मैले आफ्नो दुर्गन्धको उपचारका निम्ति महर्षिसँग सम्भोग गरेँ पृ.७३) ।” उनको यस कथमा आफ्नो शरीरबाट निस्कने माछाको जस्तो गन्धलाई निको पार्न महर्षिलाई साथ दिएको भन्ने बुझिन्छ । तर आश्चर्यको विषय के हो भने महर्षिसँग गरिएको सम्भोगबाट उनको शरीरबाट निस्कने दुर्गन्धको उपचार आश्चर्यको विषय हो । यहाँ महर्षिले कुनै वनौषधीको प्रयोग गरेको पनि पाइँदैन । महर्षिसँग गरिएको सम्भोगमा के त्यस्तो शक्ति वा क्षमता हुन्छ जसले धेरै समयदेखि आइरहेको शारीरिक दुर्गन्धलाई समाप्त पारी दुर्गन्धरहित तुल्याइदिन्छ भन्ने कुरा सामान्य अवस्थामा विश्वसनीय छैन । तर पनि उपन्यासमा महर्षिको अलौकिक क्षमताको वर्णन गर्न यस प्रकारको असम्भव कुरालाई सम्भव भएको भनी उल्लेख गरिएको छ ।

**भीष्मका व्यवहारमा मायिक यथार्थ**

यता परासर ऋषिसँग सम्भोगमा सहभागी भएकी माझीपुत्री मत्स्यगन्धा सम्भोगपछि दुर्गन्धरहित भएर योजनगन्धा नामले परिचित हुन्छिन् । उनको सौन्दर्य र जवानी देखेर हस्तिनापुर नरेश शान्तनु मोहित हुन्छन् । राजा भएकाले उनकी गङ्गा नामकी श्रीमती र देवव्रत (पछि भीष्म भनिएको) नामको छोरो भएर पनि योजनगन्धासँग विवाह गर्न इच्छुक हुन्छन् तर योजनगन्धाका पिता माझीले योजनगन्धाबाट जन्मेको सन्तानलाई राजउत्तराधिकारी बनाउने वचन दिएमा मात्र राजालाई छोरी सुम्पने अत्तो थाप्छन् । पहिले जन्मेको छोरालाई उत्तराधिकारी (युवराज) घोषणा नगरी योजनगन्धाका सन्तानलाई घोषणा गर्न समस्यामा परेका पिताको इच्छा पूरा गरी चिन्ता दूर गर्न देवव्रतले आजीवन विवाह नगर्ने प्रतिज्ञा गर्दछन् । भविष्यमा हस्तिनापुरको राजा हुने सम्भावनालाई त्यागी बाबुको कामलिप्सालाई पूरा गर्न छोराले आजीवन विवाह नगर्ने प्रतिज्ञा गरी ब्रह्मचारी भई

बस्नुलाई पनि उति विश्वसनीय कार्य हो जस्तो लाग्दैन । त्यसमा पनि राजा शान्तनुले आफ्ना लागि छोराले गरेको त्यागलाई सम्झेर इच्छा मृत्युको वरदान दिएका छन् । जन्मबाट सुरु हुने जीवनको अन्त्य मानिसका अधीनमा नहुने र मानिसका जीवनमा काल कति बेला आउने हो सो कुराको जानकारी पनि उसलाई नहुने कुरा धेरैका जीवनमा लागु हुन्छ । बाबुकै आशीर्वाद प्राप्त भए पनि छोराले चाहेपछि मात्र उसको जीवनको अन्त्य हुने कुरा विश्वासै गर्न सकिन्न । तर बाबु शान्तनुले वरदान (आशीर्वाद) दिएकै भरमा भीष्मको मृत्यु उनले चाहेपछि मात्र हुने कुरा गरिएकाले यस अभिव्यक्तिमा पनि मायिक यथार्थताको प्रयोग हुन पुगेको पाइएको छ ।

शान्तनु र योजनगन्धाबाट जन्मेका सन्तान विचित्रवीर्यको पत्नी जुटाइदिन भीष्म काशी दरबारमा पुग्छन् । काशी दरबारमा काशी नरेशका छोरीहरू अम्बा, अम्बिका र अम्बालिकाको स्वयंवरको कार्यक्रम भइरहेका बेला पुगेका भीष्मले बलपूर्वक राजकुमारीहरूलाई लैजाने विचार व्यक्त गर्दछन् । उनको विचारका विरुद्धमा प्रतिवादमा उत्रेका राजकुमार र काशी नरेश पक्षधर व्यक्तिहरूलाई भीष्मले आफ्ना वाणले नियन्त्रण गरिदिन्छन् । यहाँ भनिएको छ, "भीष्मको एक वाणले अघि बढेकाहरू सम्पूर्णलाई हात बाँधी बन्दी बनायो (पृ. ११५) ।" यस अभिव्यक्तिमा भनिएजस्तो अघि बढेकाहरू सम्पूर्णलाई एकै वाणबाट एकै पटक हात बाँधेर बन्दी बनाउन सकिने कुरा होइन । किनकि भीष्मको त्यस्तो व्यवहार मन नपराई अघि बढ्नेहरूका हातको सङ्ख्या निश्चय पनि अधिक नै हुन्छ । त्यति धेरै हातहरूलाई एकै वाणले बाँधेर नियन्त्रण गर्न सक्नु असामान्य व्यवहार हुँदै हो, अझ उनका कुरामा सहमति जनाइसकेपछि भीष्मको अर्को एक वाणले बन्दी भएका सबै हातहरू खुला भएको कुरा यसरी व्यक्त गरिएको छ, "भीष्मले पुन : एक वाण छोड्नुभयो । सम्पूर्ण अतिथिको हातबाट बन्धन खुल्यो (पृ. ११५) ।" बन्धनमा परेका त्यति धेरै हातहरूलाई एकै पटक मुक्त गराउन सक्ने भीष्मले छोडेको त्यो कस्तो वाणको क्षमता वा भीष्मको सामर्थ्यलाई पनि सहज सम्पन्न हुने व्यवहार मान्न सकिँदैन ।

**दुर्वासा ऋषिको व्यवहारमा मायिक यथार्थ**

दुर्वासा ऋषिको सेवा गरेपछि कुन्तलाई उनले एउटा आश्चर्यजनक क्षमताको मन्त्र दिन्छन् । जसलाई स्मरण गरी मन्त्रोच्चारण गऱ्यो सोही व्यक्तिलाई मन्त्रका बलले तत्काल कुन्तीसामु उपस्थित गराउने क्षमता भएको त्यस मन्त्रका सम्बन्धमा ऋषिको भनाइ यस प्रकार उल्लेख भएको छ, "म तिमीलाई आशीर्वादमा एक वरदान दिनेछु र वरदानमा यस्तो एक मन्त्र प्रदान गर्नेछु, जुन मन्त्रोच्चारण गर्नासाथ तिमीले जुन देवतालाई आमन्त्रण गर्नेछयौ, देवलोकबाट तिम्रोसामु उपस्थित हुनुहुनेछ (पृ.२०६) ।" यस भनाइमा आश्चर्यजनक र अपत्यारिलो धारणा व्यक्त भएको छ । मन्त्रको उच्चारण गर्नासाथ आमन्त्रित व्यक्ति तत्काल उपस्थित भइहाल्ने कुरा सामान्य जीवनमा सम्भव हुँदैन । फेरि मन्त्रोच्चारण गर्नासाथ सामान्य मानिस मात्र नभएर देवता नै उपस्थित हुने कुरा यहाँ व्यक्त भएको छ । देवता बोलाउने बित्तिकै व्यक्तिका सामुमा आउनु अनौठो व्यवहार हुँदै हो भने कुनै साधनको प्रयोग नगरी एकान्तमा बसेर गरिएको मन्त्रोच्चारण सम्बद्ध देवताकहाँ सम्प्रेषित हुन सक्छ भन्ने कुरा पनि उत्तिकै अस्वभाविक छ । यसर्थ ऋषिको उक्त भनाइलाई मायिक यथार्थताको अभिव्यक्ति मान्न सकिन्छ ।

**सूर्य र कुन्तीको व्यवहारमा मायिक यथार्थ**

ऋषिलाई बिदा गरेपछि अविवाहित कुन्तीले ऋषिद्वारा प्रदान गरिएको मन्त्रको सत्यता परीक्षण गर्न सूर्यको उपासना गर्दछिन् । मन्त्रोच्चारण गरेको केही समयपछि उनका सामु एक युवक आइपुग्छन् र भन्छन् : "म सूर्य, कार्य व्यस्तताका कारण केही विलम्ब भयो । नियमानुसार तिमीले मन्त्रद्वारा आह्वान् गर्नासाथ मेरो आगमन हुनुपर्ने थियो (२०६) ।" मन्त्रोच्चारणपछि आएका युवक सूर्य नै हुन्छन् । सूर्य अति तापमय वस्तु हो । ज्योतिषशास्त्रमा यसलाई ग्रह मानिएको छ । यो चेतनाको प्रतीक भए तापनि चेतनशील प्राणी भने होइन । तर यहाँ अचेतनशील वस्तु सूर्यलाई चेतनशील प्राणीका रूपमा प्रस्तुत गर्नु असामान्यताको अभिव्यक्ति हो । फेरि सूर्य युवक भएर आउनु

पनि निकै आश्चर्यको विषय हो । सूर्यको कार्यव्यस्तता पनि मानिसको जस्तो हुँदैन । कार्यव्यस्तताका कारण कुन्तीलाई भेट्न विलम्ब हुनु र कार्यव्यस्तता सकिएपछि भेट्न आउनु देवता रूप सूर्यको कार्य विचित्रको छ । सूर्यसँगको भेटपछि कुन्ती आत्तिन्छिन् र मन्त्रको प्रभाव परीक्षणका लागि मात्र मन्त्रोच्चारण गरेको कुरा गर्छिन् । तर सूर्य भने उनीसँग सम्भोग गरी सन्तान दिन चाहन्छन् । यस्तो कुरा सुनेर कुन्ती झन् भयभीत हुन्छिन् किनभने उनको स्वयंवरको टुङ्गो भइसकेको हुन्छ । त्यस कठिन परिस्थितिलाई पनि सूर्यले सहज तुल्याइदिन्छन् र भन्छन्, “तिम्रो स्वयंवर सभालाई मध्यनजर गरी म समयको चक्र मिलाइदिनेछु । तिमीले पूरा समय गर्भमा हुर्काएकी हुन्छ्यौ पनि हुँदिनौ पनि । भोलि नै शुभप्रभातपूर्व पुत्र जन्मको निम्ति योग्य हुनेछ (पृ. २०९) ।”

सूर्यको यो भनाइ पनि अनेक आश्चर्यले युक्त छ । सामान्य अवस्थामा नौ महिना गर्भमा रहेको शिशु मात्र जन्मनका लागि योग्य हुन्छ । तर यहाँ सम्भोग गरेको भोलिपल्टै पुत्र जन्मनाका लागि योग्य हुन्छ भनिएकाले अस्वभाविकता प्रकट भएको छ । फेरि स्वयंवर सभालाई मध्यनजर गरी समयको चक्र मिलाइदिन्छु भन्नु र सो अनुसार मिलाउन सक्नु पनि प्राकृतिक नियम विपरीत नै देखिन्छ । “पुत्र जन्मनासाथ पनि तिम्रो कौमार्य नष्ट भएको हुनेछैन (पृ. २१०) ” भनेर सूर्यले अर्को आश्चर्यको कुरा गरेको पाइन्छ । किनकि पुत्र जन्माउने क्रममा गरिएको समागमबाट नै नारीको कौमार्य नष्ट हुन पुग्छ तर यहाँ त सन्तान जन्मनासाथ कुन्ती पुनः कौमारी अवस्थामा नै रहन सक्ने कुरा गरिएको हुँदा अस्वभाविक विषयको वर्णन भएको पाइन्छ । यसर्थ कुन्तीका सामु सूर्यको उपस्थिति, उनको भनाइ र गराइ सबै सामान्य जीवनमा मेले नखाने भएकाले यी केवल मायिक यथार्थताको प्रयोग मात्र हुन् । यस प्रकारका यथार्थताको प्रयोग कुन्तीले धर्मराज तथा इन्द्रलाई निमन्त्रणा गर्न र माद्रीले अस्विनीकुमारलाई निमन्त्रणा गर्न उपयोग गरेको मन्त्रोच्चारणका सन्दर्भमा पनि अभिव्यक्त भएको छ । उदाहरणका लागि कुन्तीले धर्मराजलाई बोलाउन गरेको प्रयासलाई लिन सकिन्छ । यस सन्दर्भमा कुन्ती भन्छिन्, “मैले गोबरले लिपेको स्थानमा उभिएर हातमा पुष्पपत्र लिई धर्मराजको नाम उच्चारण गरेँ । प्रशन्न मुद्रामा धर्मराजले दर्शन दिनुभयो (पृ.२३९) ।” मन्त्रको प्रयोगबाट उत्पन्न यी अभिव्यक्ति तथा परिणामहरू सामान्य अवस्थामा भन्दा भिन्न प्रकृतिका देखिएका छन् ।

**गान्धारीको व्यवहारमा मायिक यथार्थ**

यता धृतराष्ट्रकी पत्नी गान्धारी भने गर्भवती भएको दुई वर्ष पुग्न लाग्दा पनि सन्तान जन्माउन असमर्थ हुन्छिन् । उनी भन्छिन्, “सबै नारीले नौ मास गर्भमा राख्छन् र सन्तानलाई जन्म दिन्छन् । परन्तु मेरो दुई वर्ष पुग्न लाग्यो म गर्भमै बोकेर हिँडेकी छु । प्रकृति विपरीत यो के अनर्थ भएको (पृ.२०२) ?” गान्धारी पनि सामान्य नारी सरहकी महिला भएकी हुँदा उनी गर्भवती हुनु स्वाभाविक छ तर उनी दुई वर्षसम्म बच्चा नजन्माई गर्भमा नै बच्चा बोकिहिँडेको कुरा सहज लाग्दैन । अर्को आश्चर्यको विषय त उनी दुई वर्षपछि सुत्केरी हुँदा उनका गर्भबाट एक सय पुत्र र एक पुत्रीको जन्म हुन्छ । एकपटक गर्भधारण गरेर एक सय पुत्र र एक पुत्री गरी एक सय एक जना बच्चालाई जन्म दिन सम्भव हुँदैन । यस्तो असम्भव कुरालाई पनि यहाँ सम्भव भएको भनिएकाले आश्चर्यको भाव अभिव्यक्त भएको छ ।

**किन्दम ऋषि र पाण्डुका व्यवहारमा मायिक यथार्थ**

महाराज पाण्डु वनमा तपस्वी किन्दम ऋषिका सामुमा गरेको व्यवहार ऋषिलाई मन परेको थिएन । त्यसैले महाराजलाई ऋषिले कुनै स्त्रीसँग समागम गर्नासाथ राजाको मृत्यु हुने श्राप दिएका थिए । एक समयमा राजा पाण्डु माद्रीसँग समागममा सहभागी हुन्छन् तर ऋषिको श्रापका कारण उनी तत्काल मृत्यु वरण गर्न पुग्छन् । उपन्यासमा भनिएको छ, “किन्दम ऋषिको श्राप थियो, त्यसैले निर्वस्त्र पाण्डु भुइँमा मूढो झैँ लड्नुभएको थियो । माद्री घोप्टो परेर रोइरहेकी थिइन् (पृ. २४४) ।” यस भनाइअनुसार महाराज पाण्डुको मृत्युको कारण ऋषिको

श्रापलाई मानिएको छ । श्राप विनाशको कामना मात्र हो कारक होइन तर यहाँ ऋषिको श्रापलाई महाराज पाण्डुको मृत्यु जस्तो भयानक विनाशको कारक मानिएको छ । यो लौकिक जीवनमा मेल खाने कुरा भएन ।

**कृष्ण र द्रौपदीका व्यवहारमा मायिक यथार्थ**

पाण्डव पत्नी द्रौपदीलाई युधिष्ठिरले कौरवसँगको जूवा खेलमा हारिसकेपछि कौरव पक्षले द्रौपदीको चीर हरण (उनलाई वस्त्ररहित तुल्याएर नाङ्गो पार्ने काम) गरिन्छ । कौरवमध्येका एक भाइ दुःशासनले पर सरेर बसेकी द्रौपदीलाई भारी सभामा जबरजस्ती तानेर ल्याई उनको वस्त्र हरण गरिदिन्छ । तर वस्त्र तानेर पहाड बनाइसक्दा पनि उनका शरीर वस्त्ररहित भएको थिएन । पौराणिक सन्दर्भमा कृष्णका कृपाले उनलाई वस्त्र प्राप्त भइरहेको हुन्छ भने औपन्यासिक सन्दर्भमा वस्त्र तानेर पनि समाप्त नभएको कुरा उल्लेख गरिएको छ । यहाँ भनिएको छ, "मेरो सौभाग्य शरीरमा वस्त्रले साथ छोडेको थिएन । अस्मिता नाङ्गिएर पनि शरीर नाङ्गिनबाट बचेको रहेछ । त्यो वस्त्रको पहाड बनेको रहेछ मेरो छेउ (पृ. ३६९) ।" द्रौपदीद्वारा व्यक्त यस कथनमा दुःशासनले तानेको सारीको पहाड बनिसकेको अवस्थामा पनि उनको शरीर नाङ्गिनबाट बचेको रहेछ भनिएको छ । पहाड बन्ने गरी सारी तान्दा पनि नसकिने यति लामो सारी हुन सक्ने कुरा स्वाभाविक छैन भने पर सरेकी महिलाले सारीको पहाडै हुने गरी धेरै ओटा सारी लगाएकी थिइन भनेर मान्न पनि सकिन्न । फेरि उनलाई दुःशासनले नङ्ग्याउला भन्ने कुराको जानकारी समेत हुँदैन । यस सन्दर्भलाई उपन्यासमा द्रौपदीको दिवास्वप्न भनेर स्वाभाविकताको सिर्जना गर्न खोजिए पनि दिवास्वप्नबाट नयन खोल्दा उनका पाँच पति शिर झुकाएर शोकमग्न बनेर उभिरहेका हुन्छन् । द्रौपदीमा दिवास्वप्न वा भ्रम भएको भए नयन खोल्दा उनका पति शिर झुकाई शोकमग्न भएको दृश्य देखिनु अर्को रहस्यमय विषय बनेको छ ।

**भीम र अर्जुनका व्यवहारमा मायिक यथार्थ**

सर्वस्व हारेर वनबास गएका पाण्डव वनबास र गुप्तबासपछि हुने कौरवसँगको सम्भावित युद्धको तयारी गर्न चाहन्छन् । यसै सन्दर्भमा पाण्डवमध्येका एक भाइ अर्जुन जिउँदै स्वर्ग जान्छन् । स्वर्ग परलोक हो जहाँ जिउँदै जान असम्भव छ । अझ उनले शिवको आराधना गरी पाशुपत अस्त्र प्राप्त गरेपछि उनको स्वर्गको यात्रा खुल्ने कुरा भीमले गरेका छन् । उनको भनाइ छ, "भगवान् शिवको आराधनाबाट पाशुपत अस्त्र प्राप्त गरे पश्चात उसका लागि स्वर्गलोकको मार्ग खुल्नेछ (पृ. ४०४) ।" भीमको यो कथन भविष्यत् कालमा व्यक्त भएको छ । भविष्यमा हुने कार्यलाई वर्तमानमा निश्चयका साथ व्यक्त गर्न सक्नु अनौठो विषय हो । यद्यपि उनले भने अनुसार नै अर्जुनलाई पाशुपत अस्त्र मिल्नुका साथै स्वर्ग जाने मार्ग समेत खुला भएको छ ।

वनबासका समयमा पानी लिन गएकी द्रौपदीलाई एकान्तमा फेला पारेको कौरवका बहिनी ज्वाइँ जयद्रथले द्रौपदीको हरण गर्दछ । उनलाई खोज्दै आएका अर्जुनले उनको खोजी गर्न वाण प्रहार गर्दछन् । दौपदीको अवस्थाको सन्देश लिएर वाण फर्किन्छ । त्यसपछि वाणहरूको बाढी नै आएर मार्ग बन्द गरिदिन्छ । यहाँ भनिएको छ, "म कुन अवस्थामा छु, मलाई खोज्न वाण छाड्नुभएको थियो । मैले वाण छोडिदिएँ । मेरो सन्देश लिएर फर्कियो वाण । केही अघि नबढ्दै वाणहरूको बाढी आयो र मार्ग अघिल्तिर पर्खाल बनेर उभियो (पृ.४१८) ।" यहाँ अर्जुनको चामत्कारिक शक्ति र वाणको सामथ्र्य दुवै आश्चर्यका विषय बनेका छन् । युद्धकलामा अभ्यस्त भए पनि अर्जुनले वाण हानेर अज्ञात स्थान र अवस्थाकी द्रौपदीको अवस्था पत्ता लगाउनु असामान्य कुरा हो भने अचेतन वाणले चेतन प्राणीले झैँ द्रौपदी रहेको स्थान र अवस्थाको सन्देश लिएर फर्किनु पनि रहस्यमय विषय हो । यस्तो अभिव्यक्तिलाई मायिक यथार्थताका प्रयोग मान्न सकिन्छ ।

द्रौपदीलाई अपहरण गर्न सफल भएको ठानेर खुसी भएको जयद्रथ बेजोडले हाँस्न पुग्छ । तर जब वाणको बाढीले उको मार्ग अगाडि पर्खालको काम गर्‍यो तब उसको मुख बन्द हुन पुग्छ । यहाँ भनिएको छ, "उसको हाँस्तै

गरेको मुख आवाजविहीन परन्तु खुला नै रह्यो । मुखसम्मुख जयद्रथको वाण आएर हावामा नै तैरिरहेको अवस्था थियो (पृ. ४१८) ।" यहाँ भनिएजस्तै भयावह परिस्थितिको जानकारीले हाँस्दै गरेको जयद्रथको मुख आवाजविहीन हुनु र खुल्लै रहनु स्वाभाविक भए पनि अर्जुनद्वारा हानिएको वाण जयद्रथका सामुमा आएर हावामा तैरिरहनु चाहिँ अस्वाभाविक छ । किनकि वाण अस्त्र हो जसलाई प्रहार गरेपछि त्यो हावामा तैरिरहनुको सट्टा भुइँमा झर्न पुग्छ । तर यहाँ उसैका मुखका सामुमा आएर उसलाई भय सिर्जना गर्न हावामा तैरिएर अडिरहनुको कारण भने अनौठो एवम् रहस्यमय नै छ । यसर्थ यसलाई पनि मायिकताको प्रयोग मान्न सकिन्छ ।

**सूर्यपात्रको प्रयोगमा मायिक यथार्थ**

वनबासकालमा पाण्डवलाई सूर्यबाट एउटा अक्षय पात्र प्राप्त हुन्छ । यस पात्रमा जति पकाए पनि द्रौपदीले भोजन नगर्दासम्म खान आएका सबैलाई खाना पुग्दथ्यो । यस कथनलाई द्रौपदीको यस भनाइले पुष्टि गर्दछ, "सूर्यबाट प्राप्त भएको अक्षय पात्र मैले भोजन नगर्दासम्म जति पनि पस्किन सकिन्थ्यो (पृ. ४३१) ।" सूर्य ताप र दिनको कारक भए पनि पाकपात्रको दाता होइन । त्यसैले द्रौपदीलाई सूर्यले पात्र प्रदान गर्ने कुरा अचम्मयुक्त छ । त्यस्तै द्रौपदीले नखाएसम्म जति जना मानिसलाई पनि पस्कन पुग्ने खाना त्यस भाँडामा कसरी रहन सक्छ ? अथवा भनौँ त्यस भाँडामा पाकेको खानाले द्रौपदीपूर्वका सबै मानिस कसरी अघाउन सक्छन् ? यस कुराको वर्णन गरेर यहाँ अतिशय कथन प्रस्तुत गरिएको छ जसलाई मायिक यथार्थको प्रयोग भन्न सकिन्छ ।

**निष्कर्ष**

प्रस्तुत उपन्यासमा पराशर, मत्स्यगन्धा, भीष्म, दुर्वासा, सूर्य, कुन्ती, किन्दम, पाण्डु, गान्धारी, भीम, अर्जुन, कृष्ण, द्रौपदी जस्ता पात्रका व्यवहारमा मायिक यथार्थता पाइएको छ । पाण्डवलाई सूर्यले दिएको भनिएको पाक थालीको प्रयोगमा पनि मायिकतासम्बन्धी प्रयोग पाइएको छ । यहाँ पाइएका मायिकताको अवस्थालाई हेर्दा भ्रम र यथार्थ, चाहना र यथार्थ, विश्वास र यथार्थ जस्ता मायिक यथार्थताको प्रयोग पाउन सकिन्छ । मत्स्यगन्धाको भ्रम वा दिवास्वप्न भ्रम र यथार्थताको उदाहरण हो भने कुन्ती र माद्रीको मन्त्र परीक्षण र सन्तानको चाहना चाहिँ चाहना र यथार्थताको प्रयोग हो । त्यस्तै भीष्मले वाण हानेर काशीराजका सैन्यको हात बाँधिदिनु र हार मानी राजकुमारीहरू उनीसँग जान स्वीकार गरेपछि तिनलाई बन्धनमुक्त गर्नु विश्वास र यथार्थताले युक्त मायिकताको प्रयोग हो । अर्जुनले जयद्रथलाई पराजित गर्न देखाएको आद्भूतिक क्षमता पनि विश्वाससँगै जोडिन पुग्छ । त्यस्तै द्रौपदीको वस्त्रहरणलाई भने भ्रम र यथार्थताको अभिव्यक्ति हो । अन्य विषयको वर्णनमा देखिएको मायिक यथार्थभन्दा महर्षि परासर र मत्स्यगन्धाका व्यवहारमा अधिक मायिक यथार्थताको प्रयोग भएको पाइएको छ । यसरी यस उपन्यासमा अनेक प्रसङ्गमा मायिक यथार्थताको प्रयोग भएकाले यो कृति मायिक यथार्थताको प्रयोग भएको उपन्यास बन्न पुगेको छ ।

**सन्दर्भसामग्री**

कार्की निहारिका, नीलम (२०७८), *चीरहरण,* (पाँचौं संस्क.), साङ्ग्रिला पुस्तक प्रा. लि.।

उपाध्याय, उमेशप्रसाद (२०८१, मङ्सिर ३ ), उत्तरआधुनिक साहित्यमा बढ्दो काफ्काई संसार, *शिलापत्र,* https://Shilapatra.com

न्यौपाने, दामोदर (२०७४, असार २०), डायमनका अमर सम्पत्ति, *इ-कान्तिपुर,* https://ekantipur.com

भट्टराई, गोविन्दराज (२०७१), *उत्तरआधुनिक विमर्श,* (दोस्रो संस्क.), ओरिएन्टल पब्लिकेसन ।

शर्मा, मोहनराज (२०६६), *आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना,* क्वेस्ट पब्लिकेसन ।

शर्मा, मोहनराज (२०७८), *समालोचनाका नयाँ कोण,* ओरिएन्टल पब्लिकेसन हाउस ।

wikipedia, (2023, November 21), Magical Realism: Definition, Characteristics & Examples, https://study.com

wikipedia, Magical realism, https://en.wikipedia.org/wiki/Magical_realism